# १२ औ अखिल नेपाल कानून व्यवसायी राष्ट्रिय सम्मेलनद्वारा जारी
# काठमाण्डौ घोषणापत्र २०६८

नेपाल बार एसोशिएसनले संघीय लोकतान्त्रिकगणतन्त्रको स्थापनाको लागि खेलेको अग्रणी भूमिकासमेतका आधारमा नेपाली जनताले पहिलो पटक आफ्नो सार्वभौमिक अधिकारको प्रयोग गरी आफ्नो संविधान आफै बनाउने ऐतिहासिक दायित्वको अन्तिम चरणमा पुगिरहेका अवस्थामा यो सम्मेलन भइरहेको सन्दर्भमा,

शान्ति र संविधान निमार्णको क्रममा नेबाएले प्रारम्भदेखि नै खेलेको भूमिका र विभिन्न समयमा अभिव्यक्त गर्दै आएका सरोकारहरूलाई हृदयाङ्गम गर्दै,

शान्ति र संविधान निमार्ण प्रक्रियालाई अन्तिम टुङ्गो लगाई संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न कानूनी शासन, मानवअधिकार, स्वतन्त्रता, स्वतन्त्र, निष्पक्ष, सक्षम र जवाफदेही न्यायपालिका र समावेशी शासन प्रणालीलगायत लोकतन्त्रका आधारभूत मूल्यमान्यतालाई कायम राख्न,

१२ औ अखिल नेपाल कानूनव्यवसायी राष्ट्रिय सम्मेलन १५ बुँदे काठमाडौं घोषणापत्र जारी गर्दछ ।

१. नेपालको शान्ति र संविधान निमार्ण प्रक्रिया राजनीतिक अन्योलका कारणले लम्बिन जाँदा गम्भीर राजनिक र संवैधानिक संकट सृजना हुने स्थिति भएकाले मुलुकलाई थप अन्योल र दुर्घटनाबाट बचाउन १५ दिनभित्र शान्ति प्रक्रिया टुङ्गचाई २०६९ साल जेठ १४ गतेभित्र नयाँ संविधान जारी गर्न सम्पूर्ण राजनीतिक दल र संविधानसभालाई यो सम्मेलन जोदार आग्रह गर्दछ ।

२. शासकीय स्वरूपका सम्बन्धमा हाल देखिएका विवादहरूलाई समाधान गर्दा लोकतन्त्रका आधारभूत मुल्य र मान्यताहरू आत्मसाथ गर्दै त्यसको लागि सरकारलाई निरंकुश बन्नवाट रोक्ने कुराको सुनिश्चितता, सरकार जनप्रतिनिधिप्रति उत्तरदायी हुने संवैधानिक सुनिश्चितता र स्थिर सरकारको अवधारणलाई आत्मसात् गर्न यो सम्मेलन आग्रह गर्दछ ।

३. निर्वाचन प्रणलीका सम्बन्धमा वर्गीय, जातीय, लैङ्गिक र क्षेत्रीय प्रतिनिधित्वको सुनिश्चितता गर्न प्रत्यक्ष र समानुपातिक निर्वाचनप्रणाली अवलम्बन गर्न यो सम्मेलन माग गर्दछ ।

४. नेपालको संघात्मक संरचना निमार्ण गर्दा मुलुकको सार्वभौमिकता, राष्ट्रिय एकता, र अखण्डतालाई अक्षुण्ण राख्दै प्रदेशहरूको संख्या, सीमा, नाम र साधनस्रोत र अधिकारको बाँडफाँड गर्दा जनसंख्या, भौगोलिक क्षेत्र, राष्ट्रियता, पहिचान, सांस्कृतिक आधार, आर्थिक उपलबधता, र राज्यद्वारा उपलब्ध हुने सेवामा समान पहुँचजस्ता आधारभूत मान्यताका आधारमा निर्धारण गर्न यो सम्मेलन माग गर्दछ ।

५. नागरिकतासम्बन्धी हाल देखिएका समस्याको समाधान गर्दा समानताको सिद्धान्त र राज्य विहिनता नहुने गरी समाधान गर्न यो सम्मेलन जोडदार माग गर्दछ ।

६. विगत सशस्त्र द्वन्द्वकालमा भएका मानवअधिकारका उल्लंघन र ज्यादतीका घटनाहरूलाई सम्बोधन गर्ने प्रयोजनका लागि संक्रमणकालीन न्यायका संरचनासम्बन्धी हाल व्यवस्थापिका संसद्मा विचाराधीन विधेयकहरू बृहद शान्तिसंभौता र अन्तरिम संविधान र नेपाल पक्ष राष्ट्र भएका अन्तरराष्टिय सन्धिसंभौतासमेतका आधारमा अनुकुल बनाई तत्काल पारित गरी सोहीअनुरूप सत्यनिरूपण तथा मेलमिलाप आयोग र वेपत्तासम्बन्धी आयोग गठन गर्न यो सम्मेलन जोडदार माग गर्दछ ।

७. सत्यनिरूपण तथा मेलमिलाप आयोग लगायतका संक्रमणकालीन न्याय संरचनाहरूलाई निष्प्रभावी बनाउने गरी कुनै पनि प्रकारका कामहरू नगर्न र दण्डहीनताको अन्त्य गर्न यो सम्मेलन सरकारसँग जोडदार माग गर्दछ ।

८. न्यायाधीशको नियुक्तिका सम्बन्धमा न्यायपरिषदद्वारा नेबाएको भूमिकालाई संस्थागत स्वरूप प्रदान गर्दै सिफारिस माग गरिएको कुराको स्वागत गर्दै नियुक्ति गर्दा उक्त सिफारिसभित्रै रही नियुक्ति गर्न यो सम्मेलन न्यायपरिषद्को ध्यानाकर्षण गराउन चाहन्छ । साथै हरेक तहको न्यायाधीशको नियुक्ति गर्दा नेपाल बार एशोसिएसनको सदस्य भै क्रियाशील रहेका कानूनव्यवसायीमध्यबाट ५० प्रतिशत नियुक्ति गर्ने कुराको सुनिश्चितता प्रदान गर्नसमेत जोडदार माग गर्दछ ।

९. विगत केही वर्ष यता कानुनव्यवसायीको हक, हित र मर्यादाविपरित र नेबाएको निर्णयकाविरुद्ध न्यायक्षेत्रसँग सम्बन्धित विभिन्न समाजका नाउँमा भएका वतव्यबाजीले बार र बेन्चको सम्बन्धमा चिसो आउन सक्ने स्थिति सृजना भएकाले त्यस्ता कार्यहरू तत्काल बन्द गराउन यो सम्मेलन सम्माननीय प्रधान न्यायाधीशज्यूमार्फत न्यायपरिषद्को ध्यानाकर्षण गराउन चाहन्छ ।

१०. भावी संविधानमा गरिने न्यायपालिकासम्बन्धी व्यवस्थामा न्यायपालिकाको स्वतन्त्रतालाई सुनिश्चिता प्रादन गर्दै यसलाई निष्पक्ष, सक्षम र जवाफदेही बनाउनतर्फ ध्यान पुऱ्याउनसमेत यो सम्मेलन माग गर्दछ ।

११. अदालत र न्यायधिकरणहरूले न्यायसम्पादन र न्यायप्रसासनसम्बन्धी काम गर्दा स्वतन्त्र ढङ्गबाट गर्न नसकेको भन्ने गुनासो निकै गम्भीर ढंगले बढ्दै आएको तर्फ यो सम्मेलनको ध्यानाकर्षण भएकाले अदालतर न्यायाधिकरणको आन्तरिक र कार्यगत स्वतन्त्रता ( internal independency and functional autonomy ) सुनिश्चित गर्न यो सम्मेलन जोडदार माग गर्दछ ।

१२. कानूनव्यवसायीहरू माथि विभिन्न पक्षहरूवाट भैरहेका आर्कमण, धम्की, डर त्रासजस्ता कार्यवाट कानुनव्यवसायीहरूको सुरक्षाको सवाल गंभिर वन्दै गईरहेको प्रति यो सम्मेलनको ध्यानाकर्षण भएकोछ । अत कानुनव्यवसायीहरूको पेशागत स्वतन्त्रताका लागि कानुनव्यवसायीको सुरक्षाको प्रत्याभूति गर्न यो सम्मेलन सरकारसंग जोडदार भाग गर्दछ ।

१३. मानवअधिकारको उल्लंघनका घटनाहरू दिनप्रतिदिन बढ्दै गइरहेको तर्फ यो सम्मेलन गम्भीर चिन्ता व्यक्त गर्दछ र त्यस्ता उल्लंघनका घटनाहरूको निश्पक्ष अनुसन्धान गरि पिडितलाई परिपूरण र पीडकहरूलाई कारवाही गर्न यो सम्मेलन जोडदार माग गर्दर्छ ।

१४. महिला विरुद्धको हिंसाका घटनाहरू दिनादुदिन बढ्दै गएको र त्यस्ता घटनाको निश्पक्ष छानविन गर्ने काम नभैरहेको वर्तमान अवस्था प्रति यो सम्मेलन गंभिर चासो व्यक्त गर्दछ । महिला विरुद्धको हिंशाको अन्त्यका लागि गर्नु पर्ने आवश्यक सबै उपायहरू अवलम्बन गर्न यो सम्मेलन सरकारसँग जोडदार माग गर्दछ । साथै लैङ्गिक समानताको लागि सवै क्षेत्रमा ५० प्रतिसत महिलाको सहभागीता सुनिश्चित गर्न यो सम्मेलन जोडदार माग गर्दछ ।

१५. आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछि परेका महिला, दलित, आदिवासी, जनजाति, मधेशी समुदाय, उत्पीडित वर्ग, गरिव किसान र मजदूरलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको प्रत्येक संरचनामा प्रतिनिधित्व हुने संवैधानिक र कानूनी व्यवस्था गरि राज्यबाट हुने कुनै पनि अवसर र सेवामा समानुपातिक तथा समावेशी मान्यतालाई आत्मसात गर्दै असमान एवम भेदभाव पूर्ण व्यवहार अविलम्व अन्त्य गरी वास्तविक समानता प्रत्याभूत गर्न यो सम्मेलन माग गर्दछ ।

**प्रस्तावहरू**

१. न्यायालयले पञ्चवर्षिय रणनितिक योजना जारी गरी जनतालाई छिटो न्याय दिने वहानामा गरिने गरेका फैसलाहरू जनतालाई न्याय दिने भन्दा पनि जसरी भएपनि फैसलाको लगत बढाउने तर्फ उन्मूख भएको देखिएको हुंदा उक्त कुरालाई तत्काल सुधार गरी वास्तविक न्याय प्रदान गर्ने तर्फ उन्मूख हुन यो सम्मेलन जोडदार माग गर्दछ ।

२. नेपालको अन्तरिम संविधान २०६३ ले जिल्ला अदालतमा कानून व्यवसायीबाट परिक्षालिई न्यायाधिश नियुक्ती गनृे संवैधानिक व्यवस्था भएकोमा उक्त व्यवस्था बमोजिम न्यायाधिश नियुक्तीका लागि कानुन व्यवसायीबाट मात्रै प्रतिश्पर्धा हुने गरी नियुक्तीको कम्तीमा ५० प्रतिशत सिट छुट्याई अविलम्व कानूनी व्यवस्था गरी तत्काल हुने जिल्ला न्यायाधीशहरूको नियुक्तीमा सो कानूनी व्यवस्था कार्यान्वयन गर्न यो सम्मेलन जोडदार माग गर्दछ ।

३. हाल सर्वोच्च अदालत र पुनरावेदन अदालतमा रीक्त रहेको न्यायाधीशहरूमा नियुक्ती नहुंदा सेवाग्राहीहरूलाई मर्का परेको, मुद्दाको फैसलाको क्रममा सुस्तता आएको, परिणाम न्यायपालिका प्रति जनआस्थामै ह्रास आईरहेको हुंदा यथाशिघ्र नियुक्ती गर्नका लागि यो सम्मेलन जोडदार माग गर्दछ ।

४. कानून व्यवसायीहरूको दक्षता अभिवृद्धिका लागि आवश्यक तालिम, प्रशिक्षण आदि विषयहरू व्यवस्थित रूपमा संचालन गर्न नेपाल लयर्स एकेडेमी तत्काल स्थापना गरी उचित बजेट विनियोजन गर्न सरकारसंग यो सम्मेलन जोडदार माग गर्दछ ।

५. कर र राजस्वको विषयमा फैसला गरेको विषयलाई आधारमानी संचार माध्यमबाट टिका टिप्पणी गरी सरकारको विरुद्ध निर्णय गरेको आरोप लगाई राजस्व न्यायाधिकरण काठमाडौंमा नेपाल सरकारको तर्फबाट नियुक्त राजस्व सदस्यलाई फिर्ता बोलाउने कार्य प्रति खेद जनाउंदै न्यायिक स्वतन्त्रतामा खलल पुर्‍याएकोले सरकार र सम्बन्धित पदाधिकारीहरूलाई सचेत गराई आर्थिक विषयमा निश्पक्ष स्वतन्त्र न्यायको प्रत्याभूति गर्न यो सम्मेलन माग गर्दछ ।

६. विभिन्न कानुनमा रहेको उपभोक्ता हित र प्रतिस्पर्धा विषयमा परेको मुद्दा हेर्न उपभोक्त र प्रतिस्पर्धा सम्बन्धी विषयगत न्यायाधिकरण गठन हुनु पर्ने यो सम्मेलन प्रस्ताव गर्दछ ।

६. संविधान निर्माणको प्रक्रियामा प्राकृतिक श्रोत र सम्पदाको बांडफांड र उपभोग तथा मुलुकले अंगिकार गर्ने संघीय शासन प्रणालीको सन्दर्भमा संतुलित एवम न्यायोचित वितरण हुने संवैधानिक व्यवस्था गर्न तथा प्राकृतिक श्रोत साधनको दुरूपयोग तथा अनियन्त्रित दोहनलाई रोक्ने प्रभावकारी कानूनी व्यवस्था गरी प्राकृतिक श्रोत साधन तथा वातावरण संरक्षण गर्न यो सम्मेलन जोडदार माग गर्दछ ।

७. प्रत्येक विकासक्षेत्रमा एक श्रम अदालतको स्थापना, एक कम्पनी रजिष्टार कार्यालयको स्थापना एक वैदेशिक रोजगार विभागको गठन र महत्वपूर्ण औद्योगिक तथा व्यवसायिक क्षेत्रहरूमा ऋृण असुली न्यायाधिकरणको स्थापनाको निम्ति नेपाल सरकारसंग यो सम्मेलन माग गर्दछ ।

८.	उपभोक्ता संरक्षण ऐन, उपभोक्ता खाद्य ऐन, गुणस्तर ऐन, नापतौल ऐन, औषधी ऐन, बजार प्रतिस्पर्धा ऐन लगायतको कानून बमोजिमका कसूर एवम क्षतिपूर्ति सम्बन्धी मुद्दा हेर्ने उपभोक्ता अदालत प्रत्येक अञ्चलमा गठन गर्न र बजारमा देखिएको सिण्डिकेट कार्टेलिङ्ग लगायत बजार प्रतिस्पर्धा विरुद्धको कार्य व्यवस्थित गरी प्रतिस्पर्धा कानूनको प्रभावकारी कार्यान्वयन गर्न यो सम्मेलन नेपाल सरकार समक्ष आग्रह गर्दछ ।

९.	अपाङ्गहरूको हकहित संरक्षणका लागि राष्ट्रिय अपाङ्ग आयोगको गठन गरी राज्यबाट उपलब्ध हुने हरेक अवसर तथा सुविधामा अपाङ्गहरूको उचित प्रतिनिधित्व सुनिश्चित गर्दै सरकारी एवम सार्वजनिक सेवामा उमेर हदको सन्दर्भमा विशेष व्यवस्था गर्न र ने.बा.ए.ले अपाङ्ग कानून व्यवसायीहरूका लागि विशेष व्यवस्था गर्न यो सम्मेलन जोडदार माग गर्दछ ।

१०.	मधेशी समूदायको हकहितको संरक्षण र सम्बर्द्धनका लागि मधेशी आयोग गठन गर्न यो सम्मेलन जोडदार माग गर्दछ ।

११.	संविधान तथा कानूनी प्रावधान विपरित अहिले पनि समाजमा विद्यमान रहेको जातिय भेदभाव तथा छूवाछूतको व्यवहारलाई प्रभावकारी रूपमा दण्डनिय बनाउन तथा राज्य पुनसंरचना गर्दा राज्य स्तरबाट दिइने सेवा र अवसरमा दलित समुदायलाई समानुपातिक प्रतिनिधित्व हुने सुनिश्चित गर्न यो सम्मेलन जोडदार माग गर्दछ ।

१२.	वैदेशिक रोजगारमा जाने नेपालीहरू खास गरी महिलाहरू हिंसाबाट प्रताडित भएकोले नेपाल सरकारसंग उनिहरूको न्यूनतम मानव अधिकार संरक्षण तथा सुरक्षा तर्फ समुचित कदम चाल्न यो सम्मेलन माग गर्दछ ।

१३.	मौलिक हकमा प्रत्याभूत “असमर्थ पक्षले निःशुल्क कानूनी सहायता” लाई राज्यले प्राथमिकतामा नराखेको ठहर गर्दै व्यवहारिक रूपमा न्यायमा सहज पहुँच सुनिश्चित हुने गरी कानूनी सहायता सम्बन्धी ऐन, २०५४ को प्रभावकारी कार्यान्वयन गर्न कानूनी सहायतालाई राज्यको नियमित आर्थिक कार्यक्रम र बजेटमै समावेश गरी अनुगमन सहित कार्यान्वयन हुने व्यवस्था गर्न यो सम्मेलन सरकारसंग जोडदार माग गर्दछ ।

१४.	कानून व्यवसायीको व्यवसायीक हक तथा क्षमता अभिवृद्धिको लागि Lawyers Accdemy जस्तो संस्था अत्यावश्यक भएको हुंदा तत्काल कानून निर्माण गरि सोको कार्यान्वयनका लागि आवश्यक प्रबन्ध गरियोस् भनी यो सम्मेलन जोडदार माग गर्दछ ।

१५.	न्यायमा सहज पहुँचमा अवरोध हुने गरी विशेषत आर्थिक कानूनहरूमा सशर्त न्यायिक उपचारको प्रवधान राखिएको हुंदा सो व्यवस्थाले निःशर्त न्यायिक उपचार एवम् स्वच्छ सुनवाई गर्न पाउने प्राकृतिक न्यायको सिद्धान्त समेत प्रतिकूल भएको यो सम्मेलनले ठहर गर्दै त्यस्ता कानूनहरूमा आवश्यक संशोधन गरी न्यायमा सहज पहुँच तथा निःशर्त न्यायिक उपचार सुनिश्चित गर्न यो सम्मेलन जोडदार माग गर्दछ ।

१६. वैज्ञानिक अनुसन्धानका अभाव, अनुसन्धान तथा न्याय प्रदान गर्ने निकाय माथि विभिन्न क्षेत्रबाट हुने हस्तक्षेपबाट विशेष गरी फौजदारी न्याय सम्बन्धि कानूनी सिद्धान्तहरू मृतप्राय भईरहेको हुंदा त्यस क्षेत्रमा सम्बेदनशिल हुन सम्बन्धित सबै क्षेत्रको यो सम्मेलन ध्यानाकर्षण गर्दछ ।

१७. कानून व्यवसायमा क्रियाशिल रही न्याय क्षेत्र र समाजलाई विशिष्ट योगदान पुऱ्याए वापत सर्वोच्च अदालतबाट प्रदान गरिने वरिष्ठ अधिवक्ताको उपाधि कानूनमा व्यवस्था भए बमोजिम नियमित रुपमा प्रदान गर्न यो सम्मेलन जोडदार माग गर्दछ ।

**घोषणा पत्र तयारी समिति**

१. सीताराम राई
२. अनिता मानन्धर जोशी
३. सतिशकुमार झा
४. अनिलकुमार सिन्हा
५. हरिकृष्ण कार्की
६. दीपककुमार रेग्मी
७. शेरबहादुर के.सी.
८. विजयकान्त मैनाली
९. रमनकुमार श्रेष्ठ
१०. रामनारायण विडारी
११. गोविन्द शर्मा "बन्दी"
१२. अशोक पोखरेल